**प्राय: सोधिने प्रश्नहरु –भौगोलिक निर्वाचन क्षेत्र**

प्र1: कसले दर्ता गर्न सक्छन्?

प्र2: मैले किन दर्ता गर्नुपर्छ?

प्र3: मैले आफूलाई मतदाताको रुपमा कसरी दर्ता गर्न सक्छु?

प्र4: यदि म पंजीकृत मतदाता हुँ भने, मैले कसरी मेरो दर्ता विवरणहरु जस्तै दर्ता भएको ठेगाना, नाम, इमेल ठेगाना र सम्पर्क नम्बर परिर्वतन गर्न रिपोर्ट गर्नु सक्छु?

प्र5: नयाँ मतदाता दर्ता र दर्ता विवरण परिवर्तन गर्न कुनै समयसीमा छ?

प्र6: के मैले नयाँ मतदाता दर्ताको आवेदन बुझाए लगत्तै मतदान दिन म योग्य हुन्छु?/ के मैले दर्ता ठेगाना परिर्वतन गरे लगत्तै नयाँ निर्वचन क्षेत्र र नयाँ मतदान केन्द्रमा मतदान दिन म योग्य हुन्छु?

प्र7: के मैले नयाँ मतदाता दर्ता गर्न र विवरण परिर्वतनको रिपोर्ट गर्न फरक आवेदन फारम प्रयोग गर्न जरुरी हुन्छ?

प्र8: मैले धेरै वर्ष अगाडि आवेदन फारम भरेको थिएँ। के मैले फेरि दर्ता गर्नुपर्छ?

प्र9: यस वर्षको सेप्टेम्बरको अन्त्यमा मात्र म 18 वर्षको हुनेछ तर दर्ता गर्ने अन्तिम मिति भने 2 जून रहेको छ। के मैले अहिले नै आफूलाई मतदाताको रूपमा दर्ता गर्न पाउँछु?

प्र10: निकट भविष्यमा म नयाँ फ्ल्याटमा सर्नेछु, के मैले मेरो नयाँ घरको ठेगाना अहिले नै दर्ता तथा निर्वाचन कार्यालयलाई सूचित गर्नुपर्छ?

प्र11: कस्ता प्रकारका कागजातहरु ठेगाना प्रमाणको रुपमा स्विकार्य छ?

प्र12: यदि मैले ठेगाना प्रमाणको लागि मेरो नाम र आवसीय ठेगानाको कागजातहरु उपलब्ध गर्न सकिन भने, कस्ता वैकल्पिक कागजातहरु मैले मान्य ठेगाना प्रमाणको रुपमा पेश गर्न सक्छु?

प्र13: यदि मेरो नयाँ घर हाउजिङ डिपार्टमेन्ट अन्तर्गतको सार्वजनिक भाडाको आवासको फ्ल्याट हो वा हङकङ हाउसिङ सोसाइटी अन्तर्गतको अनुदान(स्बसिडाईज) प्राप्त आवास हो भने, के मैले नयाँ

मतदाता दर्ता वा ठेगाना परिवर्तनको लागि आवेदन गर्दा ठेगाना प्रमाणको आवश्यकताबाट छुट पाउन सक्छु ?

प्र14: यदि कसैले मतदाता दर्ता गर्दा झूटो जानकारी दिएको मलाई थाहा भएमा, मैले कसरी सरकारी विभागहरुलाई सूचित गर्न सक्छु?

प्र15: यदि कसैले दर्ता तथा निर्वाचन कार्यालयमा झूटो आवासीय ठेगाना दिई मत दिएमा, वा नयाँ मतदाता दर्ता आवेदन दिदाँ वा दर्ता ठेगाना परिर्वतन गर्दा झूटो ठेगानाको कागजातहरु पेश गरेमा,र पछि निर्वाचनको समयमा मतदान गरेमा सो व्यक्तिले कुन कानून उल्लंघन गरेको हुनेछ ?

प्र16: म मेनल्याण्डबाट आएको नयाँ आगन्तुक हुँ। के म आफूलाई मतदाताको रूपमा दर्ता गर्न सक्छु?

प्र17: मतदाता नामावलीमा मेरा अभिलेखहरू सही रूपमा लेखिएको छ भनि मैले कसरी थाहा पाउन सक्छु?

प्र18: के मेरो व्यक्तिगत जानकारीको सम्भावित दुरुपयोगलाई रोक्न कुनै सुरक्षित उपायहरू अपनाइएका छन्?

प्र19: मैले नयाँ मतदाता दर्ता/ पंजीकृत विवरणहरु परिर्वतन गर्न आवेदन पेश गरेको छु। दर्ता तथा निर्वाचन कार्यालयले मेरो आवेदन प्रक्रिया अगाडि बढाएको छ भन्ने बारे मैले कसरी थाहा पाउँनु सक्छु?

प्र20: यदि मसँग मतदाता दर्ता बारे थप जिज्ञासाहरु भएमा, सहयोगको लागि म कुन विभागमा जानुपर्छ?

प्र1: कसले दर्ता गर्न सक्छन्?

उ1: यदि तपाई 18 वर्ष वा सोभन्दा माथि उमेरको हङकङको स्थायी बासिन्दा हुनुहुन्छ, र साधारणतया हङकङमै बसोबास गर्नु हुन्छ भने, तपाई भौगोलिक निर्वाचन क्षेत्रमा मतदाताको लागि दर्ता गर्न योग्य हुनुहुन्छ।

शीर्षमा फेरी जानुहोस्।

प्र2: मैले किन दर्ता गर्नुपर्छ?

उ2: तपाईले आफूलाई मतदाताको रूपमा दर्ता गरेपछि मात्र तपाईले विधान परिषद् र जिल्ला परिषद्का निर्वाचनहरूमा आफ्नो मताधिकार प्रयोग गर्न पाउनु हुनेछ । यी निकायहरूमा आवद्ध हुनका लागि आफ्नो प्रतिनिधि चयन गर्न पाउनु तपाईको अधिकार हो । यदि तपाई निर्वाचन समितिको उपक्षेत्रीय निर्वाचनहरूमा मतदान दिन योग्य भए तापनि, तपाईले सो निर्वाचनमा मतदान गर्नु अघि मतदाताको रूपमा दर्ता गर्नु आवश्यक छ ।

शीर्षमा फेरी जानुहोस् ।

प्र3: मैले आफूलाई मतदाताको रुपमा कसरी दर्ता गर्नसक्छु?

उ3: यदि तपाई पंजीकृत मतदाता हुनु हुन्न र यो भौगोलिक निर्वाचन क्षेत्रमा दर्ता गर्न चाहनु हुन्छ भने, तपाईले " भौगोलिक निर्वाचन क्षेत्रको मतदाता विवरण परिवर्तन रिपोर्ट / नयाँ दर्ताको लागि आवेदन" (REO-GC) फारम भर्नु पर्ने हुन्छ ।

नोट: सान्दर्भिक विधायी आवश्यकता अनुसार, नयाँ मतदाता दर्ता आवेदनहरु ठेगाना प्रमाणको साथ बुझाउनु पर्ने हुन्छ । तपाईले स्वीकार्य ठेगाना प्रमाणको लागि A11 देखि A13 मा हेर्न सक्नुहुन्छ।

तपाईले निम्न माध्यम बाट "भौगोलिक निर्वाचन क्षेत्रको मतदाता विवरण परिवर्तन रिपोर्ट / नयाँ दर्ताको लागि आवेदन" (REO-GC) फारम प्राप्त गर्न सक्नु हुन्छ -

- यो वेबसाइटबाट डाउनलोड गरेर;
- फ्याक्सद्वारा हटलाइन 2891 1001 मा फोन गरेर; र
- जिल्ला कार्यालयहरु, सार्वजनिक आवास एस्टेटहरुका व्यवस्थापन कार्यालय र दर्ता तथा निर्वाचन कार्यालयद्वारा ।

दर्ता तथा निर्वाचन कार्यालयको ठेगानाहरु:

8/F Treasury Building

3 Tonkin Street West

Cheung Sha Wan

Kowloon

13/F Kowloonbay International Trade & Exhibition Centre

1 Trademart Drive

Kowloon Bay

Kowloon

आवेदन फारम पूरा गरि हस्ताक्षर गरिसकेपछि, उक्त फारमलाई तपाईले पछिल्लो तीन महिना भित्र जारी गरेको ठेगानाको प्रमाण सहित हुलाक मार्फत, फ्याक्स(फ्याक्स नम्बर: 2891 1180) वा इमेल (इमेल ठेगाना: form@reo.gov.hk) मार्फत दर्ता तथा निर्वाचन कार्यालयमा पेश गर्न सक्नुहुन्छ,वा दर्ता तथा निर्वाचन कार्यालयको अनलाइन अपलोड प्लाटफर्म (www.reo-form.gov.hk)मा फारम(र आवश्यक अनुसार ठेगानाको प्रमाण) अपलोड गर्न सक्नुहुन्छ।

यदि तपाईसँग हङकङ पोष्ट वा Digi-Sign प्रमाणीकरण सेवा लिमिटेडले (कृपया विवरणहरुका लागि यहाँ क्लिक गर्नुहोस्) जारी गरेको मान्य डिजिटल प्रमाणपत्र छ भने , तपाईले GovHK को मतदाता दर्ता आवेदन मार्फत पनि आवेदन अनलाइन पेश गर्न सक्नुहुन्छ।

यदि तपाई विद्युतीय माध्यम द्वारा मतदाता दर्ता फारम पेश गर्न चाहनुहुन्छ भने, कृपया "डिजिटल फाइलस् द्वारा मतदाता दर्ता आवेदन पेश गर्ने दिशानिर्देश नोटस् " मा हेर्नुहोस्।

कार्यात्मक निर्वाचन क्षेत्रको मतदाता र निर्वाचन समितिको उपक्षेत्रीय मतदाताको रूपमा दर्ता हुन, कृपया यहाँ क्लिक गर्नुहोस्।

शीर्षमा फेरी जानुहोस्।

प्र4: यदि म पंजीकृत मतदाता हुँ भने, मैले कसरी मेरो दर्ता विवरणहरु जस्तै दर्ता भएको ठेगाना, नाम, इमेल ठेगाना र सम्पर्क नम्बर परिर्वतन गर्न रिपोर्ट गर्नु सक्छु?

उ4: यदि तपाई पंजीकृत मतदाता हुनुहुन्छ र तपाईले दर्ता भएका विवरणहरु परिवर्तन गर्न चाहनुहुन्छ भने, तपाईले " भौगोलिक निर्वाचन क्षेत्रको मतदाता विवरण परिवर्तन रिपोर्ट / नयाँ दर्ताको लागि आवेदन "(REO-GC) फारम भर्नु पर्ने हुन्छ।

नोट: सान्दर्भिक विधायी आवश्यकता अनुसार, पंजीकृत ठेगाना परिवर्तनको लागि आवेदनहरु

ठेगाना प्रमाणको साथ बुझाउनु पर्ने हुन्छ । तपाईले मान्य ठेगाना प्रमाणको लागि A11 देखि A13 मा हेर्न सक्नुहुन्छ ।

तपाईले निम्न माध्यम बाट "भौगोलिक निर्वाचन क्षेत्रको मतदाता विवरण परिवर्तन रिपोर्ट / नयाँ दर्ताको लागि आवेदन " (REO-GC) फारम प्राप्त गर्न सक्नु हुन्छ-

- यो वेबसाइटबाट डाउनलोड गरेर;
- फ्याक्सद्वारा हटलाइन 2891 1001 मा फोन गरेर; र
- जिल्ला कार्यालयहरु, सार्वजनिक आवास एस्टेटहरुका व्यवस्थापन कार्यालय र दर्ता तथा निर्वाचन कार्यालयद्वारा ।

दर्ता तथा निर्वाचन कार्यालयको ठेगानाहरु:

8/F Treasury Building

3 Tonkin Street West

Cheung Sha Wan

Kowloon

13/F Kowloonbay International Trade & Exhibition Centre

1 Trademart Drive

Kowloon Bay

Kowloon

आवेदन फारम पूरा गरि हस्ताक्षर गरिसकेपछि, उक्त फारमलाई तपाईले पछिल्लो तीन महिना भित्र जारी गरेको ठेगानाको प्रमाण सहित हुलाक मार्फत, फ्याक्स (फ्याक्स नम्बर: 2891 1180) वा इमेल (इमेल ठेगाना: form@reo.gov.hk) मार्फत दर्ता तथा निर्वाचन कार्यालयमा पेश गर्न सक्नुहुन्छ,वा दर्ता तथा निर्वाचन कार्यालयको अनलाइन अपलोड प्लाटफर्म (www.reo-form.gov.hk) मा फारम(र आवश्यक अनुसार ठेगानाको प्रमाण) अपलोड गर्न सक्नुहुन्छ ।

यदि तपाईसँग हङकङ पोष्ट वा Digi-Sign प्रमाणीकरण सेवा लिमिटेडले (कृपया विवरणहरुका

लागि यहाँ क्लिक गर्नुहोस्) जारी गरेको मान्य डिजिटल प्रमाणपत्र छ भने, तपाईले GovHK को मतदाता दर्ता आवेदन मार्फत पनि आवेदन अनलाइन पेश गर्न सक्नुहुन्छ।

यदि तपाई विद्युतीय माध्यम द्वारा मतदाता दर्ता फारम पेश गर्न चाहनुहुन्छ भने, कृपया "डिजिटल फाइलस् द्वारा मतदाता दर्ता आवेदन पेश गर्ने दिशानिर्देश नोटस् " मा हेर्नुहोस्।

माथि उल्लेखित बाहेक, यदि तपाई पंजीकृत मतदाता हुनुहुन्छ र उम्मेदवारहरुबाट सहज रुपमा मतदान प्रचारका गतिविधिहरु सम्बन्धीका पत्र प्राप्त गर्न आफ्नो इमेल ठेगाना उपलब्ध गर्न / अद्यावधिक गर्न चाहनुहुन्छ भने, तपाईले दर्ता तथा निर्वाचन कार्यालयलाई सम्बन्धित जानकारी हाम्रो वेबसाइट (https://www.osp.reo.gov.hk/index_e.html) वा इमेल (इमेल ठेगाना: reoenq@reo.gov.hk मार्फत बुझाउन सक्नुहुन्छ।

शीर्षमा फेरी जानुहोस्।

प्र5: नयाँ मतदाता दर्ता र दर्ता विवरण परिवर्तन गर्न कुनै समयसीमा छ?

उ5: वर्षको कुनै पनि समयमा योग्य बासिन्दाहरु/ पंजीकृत मतदाताहरुले "भौगोलिक निर्वाचन क्षेत्रको मतदाता विवरण परिवर्तन रिपोर्ट / नयाँ दर्ताको लागि आवेदन "(REO-GC) फारम पेश गर्न सक्छन्। यद्यपि, उनीहरुले सोहि प्रणालीमा आफ्नो दर्ता प्रक्रिया अघि बढाउन/ मतदाता नामावलीमा अद्यावधिक गरेका विवरणहरु प्रकाशित गर्न चाहन्छन् भने, उनीहरुले निम्न सूची अनुरुप तोकिएको समय भित्र वा अघि यस कार्यालयमा आवेदन फारमहरु बुझाउनु पर्छ :

**नयाँ मतदाता दर्ता: 2 जून**

**मतदाताद्वारा विवरण परिवर्तनको प्रतिवेदन: 2 जून**

यदि आवेदन फारमहरु निश्चित समय पछि पेश गरेमा, सम्बन्धित मतदाताहरुको नाम र आवासीय ठेगानाहरु त्यसपछिको मतदाता दर्ता प्रणालीमा प्रकाशित हुने मतदाता नामावलीमा मात्र रेकर्ड/ अपडेट गर्न सकिनेछ।

शीर्षमा फेरी जानुहोस्।

प्र6: के मैले नयाँ मतदाता दर्ताको आवेदन बुझाए लगत्तै मतदान दिन म योग्य हुन्छु?/ के मैले दर्ता

ठेगाना परिर्वतन गरे लगत्तै नयाँ निर्वचन क्षेत्र र नयाँ मतदान केन्द्रमा मतदान दिन म योग्य हुन्छु?

उ6: सान्दर्भिक निर्वाचन नियमावली बमोजिम, दर्ता तथा निर्वाचन कार्यालयले वर्तमान अन्तिम मतदाता नामावली,जुन वर्षमा एक पटक अद्यावधिक हुने गर्छ, त्यसमा दर्ता भएको जानकारी अनुसार निर्वाचन क्षेत्र र मतदान केन्द्र तोकिने छ । अर्को अन्तिम नामावली प्रकाशित हुनु अघि कुनै पनि जिल्ला परिषद् वा व्यवस्थापिका परिषद् उप-निर्वाचन भएमा, दर्ता तथा निर्वाचन कार्यालयले वर्तमान अन्तिम नामावलीको जानकारी अनुसार निर्वाचन क्षेत्र र मतदान केन्द्र तोक्ने छ।

शीर्षमा फेरी जानुहोस् ।

प्र7: के मैले नयाँ मतदाता दर्ता गर्न र विवरण परिर्वतनको रिपोर्ट गर्न फरक आवेदन फारम प्रयोग गर्न जरुरी हुन्छ?

उ7: सर्वसाधारणहरुले भौगोलिक निर्वाचन क्षेत्रमा नयाँ मतदाता दर्ता गर्न र उसको पंजीकृत विवरण परिवर्तनको प्रतिवेदन दुवै गर्नको लागि "भौगोलिक निर्वाचन क्षेत्रको मतदाता विवरण परिवर्तन रिपोर्ट / नयाँ दर्ताको लागि आवेदन "(REO-GC) फारम प्रयोग गर्नु पर्दछ ।

शीर्षमा फेरी जानुहोस् ।

प्र8: मैले धेरै वर्ष अगाडि आवेदन फारम भरेको थिएँ । के मैले फेरि दर्ता गर्नुपर्छ?

उ8: विद्यमान नामावलीका पंजीकृत मतदाताहरुले फेरी दर्ता गर्न आवश्यक छैन । तपाईले दर्ता गरको विवरणहरु सही छ कि छैन भनि जाँच गर्न तपाईले अनलाइन मतदाता जानकारी सोधपूछ प्रणाली (www.voterinfo.gov.hk) मा लग इन गर्न सक्नुहुन्छ अथवा दर्ता तथा निर्वाचन कार्यालयको हटलाइन 2891 1001 मा फोन गर्न सक्नुहुन्छ ।

मतदाताहरुको दर्ता भएका विवरण गलत भएमा, उनीहरूको दर्ताको प्रक्रिया र योग्यतामा प्रभाव पर्न सक्छ। यदि तपाईले कुनै पनि दर्ता भएका विवरणहरु विशेषगरी आवसीय ठेगाना परिवर्तन गर्न चाहेमा, कृपया "भौगोलिक निर्वाचन क्षेत्रको मतदाता विवरण परिवर्तन रिपोर्ट / नयाँ दर्ताको लागि आवेदन "(REO-GC) फारम पूरा गरी हस्ताक्षर गरेको फारम, पछिल्लो तीन महिना भित्र जारी गरिएको ठेगाना प्रमाण सहित REO लाई बुझाउनुहोस् ताकि REO ले तपाईको रेकर्डहरु अद्यावधिक गर्न सक्नेछन् ।

शीर्षमा फेरी जानुहोस् ।

प्र9: यस वर्षको सेप्टेम्बरको अन्त्यमा मात्र म 18 वर्षको हुनेछ तर दर्ता गर्ने अन्तिम मिति भने 2 जून रहेको छ । के मैले अहिले नै आफूलाई मतदाताको रूपमा दर्ता गर्न पाउँछु?

उ9: हरेक वर्ष 25 सेप्टेम्बर वा सोभन्दा अघि अन्तिम मतदाता नामावली प्रकाशित गरिन्छ । यदि तपाई 25 सेप्टेम्बरमा वा सोभन्दा अघि 18 वर्ष पुग्नुभयो, र तपाई हङकङको स्थायी बासिन्दा हुनुहुन्छ भने, तपाईले आफूलाई मतदाताको रूपमा दर्ता गर्न योग्य हुनु हुनेछ ।

शीर्षमा फेरी जानुहोस् ।

प्र10: निकट भविष्यमा म नयाँ फ्ल्याटमा सर्नेछु, के मैले मेरो नयाँ घरको ठेगाना अहिले नै दर्ता तथा निर्वाचन कार्यालयलाई सूचित गर्नुपर्छ?

उ10: तपाई नयाँ घरमा सरेपछि दर्ता तथा निर्वाचन कार्यालयलाई पछिल्लो तीन महिना भित्र जारी गरिएको ठेगाना प्रमाण सहित “भौगोलिक निर्वाचन क्षेत्रको मतदाता विवरण परिवर्तन रिपोर्ट/ नयाँ दर्ताको लागि आवेदन ”(REO-GC) फारम पूरा गरी हस्ताक्षर गरेको फारम बुझाउनु पर्छ । यदि तपाईले मतदाता दर्ता प्रणालीमा दर्ता विवरण परिवर्तनको प्रतिवेदन तोकिएको समय भित्र वा अघि दर्ता ठेगाना परिवर्तनको आवेदन पेश गर्नु भयो भने (सो वर्षको 2 जून भित्र वा अघि),सोहि वर्षमा प्रकाशित हुने अन्तिम मतदाता नामावलीमा तपाईको नयाँ ठेगाना देखिन सकिन्छ ।

शीर्षमा फेरी जानुहोस् ।

प्र11: कस्ता प्रकारका कागजातहरु ठेगाना प्रमाणको रुपमा स्विकार्य छ?

उ11: दर्ता तथा निर्वाचन कार्यालयले तीन महिना भित्र जारी गरेको(दर्ता तथा निर्वाचन कार्यालयले फारम बुझाएको मितिलाई नै प्राप्त मितिको रुपमा स्वीकार गर्नेछ) निम्न कागजातहरुलाई मान्य ठेगाना प्रमाणको रुपमा स्वीकार गर्नेछ जसमा जारी मिति र संस्थाको नाम उल्लेख गरिएको हुन्छ। सान्दर्भिक कागजातहरुमा मतदाताको नाम र प्रमुख आवासीय ठेगाना (कागजातमा छापिएको नाम र ठेगाना आवेदन फारमसगँ मिल्दोजुल्दो हुनुपर्छ) लेखिएको हुनुपर्छ:

1. सार्वजनिक निकायहरुले जारी गरेको बिलहरु वा रसिदहरु (जस्तै बिजुली पानी वा टाउनग्यास सेवाको बिल );
2. सरकारी विभागहरु वा न्यायपालिकाबाट पत्रचार गरेको प्रमाण ;
3. बैंकहरु,बीमा कम्पनीहरु वा म्यानडेटोरी प्रभिडेन्ट फण्ड अप्रुभड ट्रस्टीस् द्वारा पत्रचार गरेको प्रमाण वा स्टेटमेन्टहरु;
4. ल्यान्डलाईन टेलिफोन, मोबाइल फोन, टि भी वा इन्टरनेट सर्भिसको रसिदहरु;
5. लोकल पोस्ट-सेकेन्डरी संस्थाहरु द्वारा जारी गरिएका कागजातहरु वा बिलहरु जसले मतदाताको आवासीय ठेगाना पुष्टि गर्न सक्छ;
6. मान्य र "स्ट्याम्प्ड" (स्टाम्प डिउटीको लागि) आवास करारनामा (आवेदन पेश गर्नु अघि 3 महिना भित्र जारी गरिएको मापदण्ड अनिवार्य छैन तर यस्तो करारनामामा आवेदनको मिति समावेश हुनुपर्छ); वा
7. सार्वजनिक संस्थाहरु जस्तै अस्पताल प्राधिकरण, आवास विभाग, हङकङ हाउजिङ सोसाइटी, हङकङ परीक्षा तथा मूल्याङ्कन प्राधिकरण आदि द्वारा जारी पत्रचारको प्रमाण, रसिद वा अन्य कागजातहरु।

शीर्षमा फेरी जानुहोस्।

प्र12: यदि मैले ठेगाना प्रमाणको लागि मेरो नाम र आवसीय ठेगानाको कागजातहरु उपलब्ध गर्न सकिन भने, कस्ता वैकल्पिक कागजातहरु मैले मान्य ठेगाना प्रमाणको रुपमा पेश गर्न सक्छु?

उ12: मतदाताको आफ्नै ठेगाना प्रमाण बाहेक, दर्ता तथा निर्वाचन कार्यालयले तीन महिना भित्र जारी गरेको(दर्ता तथा निर्वाचन कार्यालयले फारम बुझाएको मितिलाई नै प्राप्त मितिको रुपमा स्वीकार गर्नेछ) निम्न कागजातहरुलाई मान्य ठेगाना प्रमाणको रुपमा स्वीकार गर्नेछ जसमा जारी मिति र संस्थाको नाम उल्लेख गरिएको हुन्छ:

- मतदातासँग बसोबास गर्ने व्यक्तिको ठेगाना प्रमाणमा नाम र आवासीय ठेगाना हुनु पर्ने , र मतदाताले सो व्यक्ति मतदातासँगै सोहि ठेगानामा बसेको पुष्टि गर्न मतदाता द्वारा हस्ताक्षर गरेको घोषणापत्र पेश गर्नु पर्ने र पेश गरेको ठेगाना प्रमाणको पूर्ण प्रामाणिक प्रतिलिपि वा सक्कल कागजात हुनुपर्छ । दर्ता तथा निर्वाचन कार्यालयको वेबसाइट (https://www.reo.gov.hk/en/voter/ap.htm) बाट घोषणापत्रको नमूना डाउनलोड गर्न सक्

हुन्छ ।

- यदि मतदाताले माथि उल्लेखित कागजातहरु उपलब्ध गर्न नसकेमा, दर्ता तथा निर्वाचन कार्यालयले शपथ तथा घोषणा अध्यादेश (क्याप.11) बमोजिम सो ठेगानामा बसोबास गरिएरको दाबी प्रमाणित गर्न कमिन्शनर फर ओथस्/ कार्यरत वकिल / जस्टिस फर पिस समक्ष गरेको एक वैधानिक घोषणालाई पनि स्वीकार गर्दछ । जिल्ला कार्यालयहरुमा वैधानिक घोषणा गर्न नि:शुल्क सेवा प्रदान गरिन्छ । दर्ता तथा निर्वाचन कार्यालयको वेबसाइट (https://www.reo.gov.hk/en/voter/ap.htm) बाट वैधानिक घोषणापत्रको नमूना डाउनलोड गर्न सक्नु हुन्छ ।

शीर्षमा फेरी जानुहोस् ।

प्र13: यदि मेरो नयाँ घर हाउजिङ डिपार्टमेन्ट अन्तर्गतको सार्वजनिक भाडाको आवासको फ्ल्याट हो वा हङकङ हाउसिङ सोसाइटी अन्तर्गत अनुदानित (स्बसिडाईज) आवास हो भने, के मैले नयाँ मतदाता दर्ता वा ठेगाना परिवर्तनको लागि आवेदन गर्दा ठेगाना प्रमाणको आवश्यकताबाट छुट पाउन सक्छु?

उ13: मतदाताहरु/ आवेदकहरु जो आवास विभाग अन्तर्गतको सार्वजनिक भाडाको आवासको आधिकारिक भाडावाल हुनु हुन्छ वा हङकङ हाउसिङ सोसाइटी अन्तर्गत अनुदानित आवासको पंजीकृत भाडावालले दर्ता ठेगाना/ मतदाता दर्ता परिर्वतन गर्न आवेदन दिनु हुन्छ र घरको करार पत्रमा भएको ठेगाना आवासीय ठेगानासँग मिल्छ भने सो व्यक्तिहरुका लागि ठेगाना प्रमाणको आवश्यकतामा छुट हुन सक्छ ।

यद्यपि, बिक्रि भएका होम ओनरसीप स्कीम/ ग्रीन फारम अनुदानित होम ओनरसीप स्कीम वा सार्वजनिक इकाईहरु (जस्तै:भाँडादार खरीद योजना अन्तर्गतका फ्लाटहरु)मा बसोबास गर्नु हुने बासिन्दाहरुलाई छुट दिइने छैन र सम्बन्धित मतदाताहरु/ अवेदकहरुले मान्य ठेगाना प्रमाण जुटाउनु पर्ने हुन्छ।

निर्वाचन दर्ता अधिकारीले उनीहरुको ठेगाना चेकजाँच गर्नका निम्ति सम्बन्धित विभाग/संस्थासँग डाटा जाँच गर्न नसकेको अवस्थामा, निर्वाचन दर्ता अधिकारीले निर्वाचन मामिला आयोग नियमन (क्याप 541A)( मतदाता दर्ता) (विधान परिषद् भौगोलिक निर्वाचन क्षेत्र) (जिल्ला परिषद्

निर्वाचन क्षेत्र) को धारा 4 र 10A अन्तर्गत उनीहरुलाई नयाँ मतदाता दर्ता वा दर्ता ठेगाना परिवर्तनको लागि आवेदन दिँदा ठेगाना प्रमाण उपलब्ध गराउन अनुरोध गर्न सक्छन्।

शीर्षमा फेरी जानुहोस् ।

प्र14: यदि कसैले मतदाता दर्ता गर्दा झूटो जानकारी दिएको मलाई थाहा भएमा, मैले कसरी सरकारी विभागहरुलाई सूचित गर्न सक्छु?

उ14: मतदाता दर्ताको विद्यमान व्यवस्थामा व्यक्तिलाई दर्ता गर्न सहज बनाउनको लागि ईमानदारीपूर्ण पेश्की प्रक्रियामा निर्भर गर्दछ । पंजीकृत मतदाता वा दर्ताको लागि योग्य व्यक्तिले दर्ता वा कुनै जानकारी परिवर्तन गर्न परेमा साँचो र सही जानकारी उपलब्ध गराउनु पर्छ । यदि कुनै व्यक्तिले शंकास्पद अवस्था फेला पारेमा, तिनीहरूले उपयुक्त रूपमा छानबिनका लागि दर्ता तथा निर्वाचन कार्यालयमा आवेदन दिन सक्छन्, जसको फलस्वरूप कानून प्रवर्तन विभागहरुले यसको आवश्यक खोज तथा अनुसन्धान गर्ने छन् । यसर्थ सर्वसाधारणले कानूनको उल्लङ्घन गर्नु हुँदैन ।

शीर्षमा फेरी जानुहोस् ।

प्र15: यदि कसैले दर्ता तथा निर्वाचन कार्यालयमा झूटो आवासीय ठेगाना दिई मत दिएमा, वा नयाँ मतदाता दर्ता आवेदन दिदाँ वा दर्ता ठेगाना परिर्वतन गर्दा झूटो ठेगानाको कागजातहरु पेश गरेमा,र पछि निर्वाचनको समयमा मतदान गरेमा सो व्यक्तिले कुन कानून उल्लंघन गरेको हुनेछ ?

उ15: यदि कुनै व्यक्तिले दर्ता तथा निर्वाचन कार्यालयमा जानेर वा अन्जानवश या लार्पवाहिको कारण झूटो वा भ्रामक जानकारी (जस्तै: गलत आवासीय ठेगाना) सो व्यक्तिले मत हालेको या नहालेको दुवै अवस्थामा सजायको भागेदार हुनेछ । यदि यस पश्चात, सो व्यक्तिले मत हालेमा ऊ/उनीले धारा 16 को अध्यादेश (भ्रष्टाचार तथा गैरकानुनी आचरण) (क्याप. 554) उल्लंघन गरेको मानिनेछ, जुन भ्रष्टाचार विरुद्ध स्वतन्त्र आयोग (इन्डिपेन्डेन्ट कमिशन अगेन्स्ट करप्शन) मार्फत् लागु गरिएको छ । यसको अधिकतम सजाय $500,000 जरिवाना साथै 7 वर्ष जेल सजाय हुनेछ ।

यस बाहेक, यदि कुनै मतदाताले झुठो ठेगानालाई निर्वाचन दर्ता अधिकारीले मान्य ठेगाना प्रमाणको रुपमा स्वीकार गर्नेछ भनि पेश वा उपलब्ध गरेमा, उसले जालसाजीको अपराध गरेको मानिने छ। अपराध अध्यादेश (क्याप. 200) को धारा 71 बमोजिम, जालसाजीको कसूरमा अभियोग लागेको

व्यक्तिलाई 14 वर्ष जेल सजाय हुनेछ ।

शीर्षमा फेरी जानुहोस् ।

प्र16: म मेनल्याण्डबाट आएको नयाँ आगन्तुक हुँ। के म आफूलाई मतदाताको रूपमा दर्ता गर्न सक्छु?

उ16: 18 वर्ष वा सो भन्दा बढी उमेर भएका हङकङका सबै स्थायी बासिन्दाहरू जो साधारणतया हङकङमै बसोबास गर्छन्, उनीहरूले आफूलाई मतदाताको रूपमा दर्ता गर्न आवेदन दिन पाउँछन् ।

शीर्षमा फेरी जानुहोस् ।

प्र17: मतदाता नामावलीमा मेरा अभिलेखहरू सही रूपमा लेखिएको छ भनि मैले कसरी थाहा पाउन सक्छु?

उ17: पंजीकृत मतदाताहरुले नयाँ दर्ता विवरणहरु अनलाईन मतदाता जानकारी सोधपुछ प्रणाली मार्फत (www.voterinfo.gov.hk) जान्न सक्छन् वा दर्ता तथा निर्वाचन कार्यालयको हटलाइन 2891 1001मा कल गरि बुझ्न सक्नुहुन्छ ।

शीर्षमा फेरी जानुहोस् ।

प्र18: के मेरो व्यक्तिगत जानकारीको सम्भावित दुरुपयोगलाई रोक्न कुनै सुरक्षित उपायहरू अपनाइएका छन्

उ18: तपाईलाई आश्वस्त गरिन्छ कि, मतदाताद्वारा प्रदान गरिएको जानकारी मतदाता दर्ता र निर्वाचनसँग सम्बन्धित प्रयोजनको लागि मात्र प्रयोग गरिनेछ । त्यस्ता जानकारीको दुरुपयोग हुनेछैन भनेर सुनिश्चित गर्न दर्ता तथा निर्वाचन कार्यालयले सक्दो उपायहरू अपनाएको छ । सान्दर्भिक निर्वाचन नियमावली अनुसार, निर्दिष्ट व्यक्तिलाई मात्र निरीक्षण गर्न उक्त मतदाता नामावली उपलब्ध गरिनेछ । मतदाता नामावलीमा भएको जानकारी निर्वाचनसँग सम्बन्धित प्रयोजन भन्दा बाहेक अन्य कुनैपनि प्रयोजनको लागि प्रयोग गर्नु प्रासंगिक निर्वाचन कानून अन्तर्गत अपराध हो, र त्यसैले तह 2 को जरिवाना लाग्ने छ र 6 महिना जेल सजाय हुनेछ ।

शीर्षमा फेरी जानुहोस् ।

प्र19: मैले नयाँ मतदाता दर्ता/ पंजीकृत विवरणहरु परिर्वतन गर्न आवेदन पेश गरेको छु। दर्ता तथा निर्वाचन कार्यालयले मेरो आवेदन प्रक्रिया अगाडि बढाएको छ भन्ने बारे मैले कसरी थाहा पाउँनु सक्छु?

उ19: दर्ता तथा निर्वाचन कार्यालयले नयाँ मतदाता दर्ता वा दर्ता विवरण परिर्वतनको आवेदन प्रक्रिया पूरा भएपछि हुलाक मार्फत लिखित दर्ता सूचानहरु जारी गर्नेछ। लिखित दर्ता सूचनाहरुको साथ,मतदाताहरुलाई इमेल(यदि मतदाताले सो जानकारी उपलब्ध गरेमा) मार्फत पनि सूचित गरिनेछ । मतदाताहरुले आफ्नो रेकर्ड जाँच गर्न www.voterinfo.gov.hk मार्फत "अनलाइन मतदाता जानकारी सोधपुछ प्रणाली" मा पनि लग इन गर्न सक्छन्।

शीर्षमा फेरी जानुहोस्।

प्र20: यदि मसँग मतदाता दर्ता बारे थप जिज्ञासाहरु भएमा, सहयोगको लागि म कुन विभागमा जानुपर्छ?

उ20: सोधपुछको लागि तपाईले दर्ता तथा निर्वाचन कार्यालयको हटलाइन 2891 1001 मा कल गर्न सक्नुहुन्छ वा थप जानकारीको लागि reoenq@reo.gov.hk मा इमेल गर्न सक्नु हुन्छ।

शीर्षमा फेरी जानुहोस्।

2007 © | जरुरी सूचनाहरु | गोपनीयता नीति